# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (दोस्रो बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७८।०२।१७ गते

माननीय सदस्यहरू,

आजको वैठकको कार्यवाही  प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू,

सर्वप्रथम म अर्थ, भूमि, व्यवस्था, कृषि सहकारी तथा गरीवी निवारण मन्त्री श्री किरण गुरुङज्यूलाई आ.व. २०७८/०७९ को बजेट तयारीको लागि विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता प्रदेश सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय किरण गुरुङ

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले, गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम १३३ को उपनियम २ बमोजिम गण्डकी प्रदेश सरकारको आ.व. २०७८/०७९ को बजेट तयारीका लागि  विनियोजन विधेयक बजेट २०७८ का सिद्धान्त र प्राथमिकता सम्मानित सभामा प्रस्तुत गर्दछु ।

माननीय सभामुख महोदय,

विश्वव्यापी माहामारीको रूपमा देखा परेको कोभिड-१९ कोरोना भाइरसको दोस्रो लहरले सृजना गरेको असहज परिस्थितिका बिच म प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम २ बमोजिम विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता यस गरिमामय सभामा  प्रस्तुत गर्न चाहन्छु ।

विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता पेश गर्नु भन्दा अगाडि संघीय लोकतान्त्रिक गणतन्त्र गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि आफ्नो ज्यान उत्सर्ग गर्ने सबै आदरणीय ज्ञात अज्ञात अमर सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न   चाहन्छु । कोभिड-१९ को महामारीको चपेटामा परेर ज्यान गुमाएका सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस महामारीबाट संक्रमित सबैजनालाई शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसका साथै महामारीको विरुद्धमा सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक, नागरिकहरूप्रति यस अभियानमा खटिएका जनप्रतिनिधिप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आगामी आर्थिक वर्षको बजेट कोभिड-१९ को विश्वव्यापी. महामारीको कारण सृजित चुनौतिको सामना गर्दै जनजीवनलाई सामान्यीकृत बनाउँदै कारण र वर्तमान सरकारले अगाडि बढाएको विकास, सुशासन र निराकरण गर्दै प्रादेशिक अर्थतन्त्रलाई गतिशील तुल्याउन केन्द्रित गरिनेछ । यस महामारीको दोस्रो लहरबाट हुन सक्ने क्षति र असरलाई कम गर्न यसको रोकथाम, नियन्त्रण र औषधी उपचार तथा सबै नागरिकलाई खोप उपलव्ध गराउने सम्बन्धी व्यवस्थालाई पहिलो प्राथमिकतामा राखेर बजेट तथा कार्यक्रम ल्याइनेछ । यसका साथै संघ प्रदेश र स्थानीय तहका बिचमा आपसी समन्वय र सहकार्यलाई सुदृढ गरिने छ। कोरोना माहामारीबाट प्रभावित भएको अर्थतन्त्रलाई गतिशील र चलायमान बनाई पुनः पहिले कै अवस्थामा फर्काउन सार्वजनिक खर्चलाई व्यवस्थित गर्दै आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा स्रोत र साधनले केन्द्रित गरिने छ । आगामी आ.व. ०७८/०७९ लाई गण्डकी प्रदेश सरकारले गरेका समग्र कामहरुको

समग्र प्रगति समिक्षा वर्षको रूपमा अगाडि बढाइनेछ। पूर्वाधार विकास उत्पादनमुखी र गरीबि निवारण कार्यक्रमहरूलाई जोड दिइनेछ । प्रदेशको राजश्व प्रणालीलाई न्यायपूर्व पारदर्शी र प्रविधिमा आधारित बनाई आन्तरिक आयलाई प्रदेशको आम्दानीको मूल आधारको रूपमा विकास गर्न विशेष जोड दिइनेछ। विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारणा गण्डकी प्रदेशका आवधिक योजनाका लक्ष्य तथा उद्देश्य र दिगो विकासका लक्ष्यहरू, चुनावी घोषणा पत्र लगायतका अन्य माध्यमबाट जनता समक्ष गरेका प्रतिवद्धतालाई प्रमुख मार्गदर्शन तथा वजेट तर्जुमाको आधार मानेको छु।

माननीय सभामुख महोदय,

उल्लेखित पृष्ठभूमि एवं समृद्ध प्रदेश सुखी नागरिक बनाउने प्रदेश सरकारको प्रतिवद्धतालाई आधारशीला मान्दै अब विनियोजन विधेयक २०७८ का सिद्धान्तलाई प्रस्तुत गर्न अनुमति चाहन्छु।

नेपालको संविधानद्वारा निर्देशित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै प्रदेश सरकार स्थापनाको दिगो आधारशिला निर्माण गर्ने र अन्तर सरकारी समन्वयलाई प्रभावकारी बनाउने। विश्वव्यापी संकटको रूपमा देखा परेको कोरोना महामारीबाट नागरिकको जीवन रक्षा, लागि पर्याप्त औषधीको उपलव्धको व्यवस्था तथा प्रभावित सामाजिक, आर्थिक क्षेत्रलाई गतिशील बनाउनु पुनरजीवन कोष प्रभावकारीको रूपमा संचालन गर्ने र कोभिड-१९ को महामारी तेस्रो लहर तथा भविष्यमा आउन सक्ने अन्य यस्तै विपद्का लागि पूर्व तयारी र व्यवस्थापनलाई विशेष प्राथमिकता दिने । नेपालको संविधानका निर्देशक सिद्धान्त, पन्धौं योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना तथा दिगो विकासका लक्ष्यहरू निर्दिष्ट गरेको विकासको समृद्धि हासिल गर्न पहल गर्ने। प्रदेशका आर्थिक

संभावना तथा अवसरका क्षेत्र पहिचान र विकास गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने, अनावश्यक फजुल खर्च रोक्ने, आर्थिक पारदर्शी तथा वित्तीय उत्तरदायित्व कायम गर्ने । स्रोतको दिगो परिचालन र लगानीको वातावरण निर्माण गर्ने, उत्पादनमुखी रोजगारी र गरिबी निवारण कार्यक्रममा जोड दिने ।

सभामुख महोदय,

अब म विनियोजन विधेयकका प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

कोरोना भाइरसको रोकथाम नियन्त्रण तथा उपचार

कोभिड-१९ लगायत अन्य महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य प्रणालीलाई सवल एवं सुदृढ गरिनेछ । आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्न आवश्यक वजेट व्यवस्था गरिने छ । होम आइसोलेसनहरूमा पनि आवश्यक मेडिकल सेवाहरू उपलव्ध गराउने व्यवस्था गरिने छ। प्रदेशका सबै नागरिकको लागि कोरोना भाइरस विरुद्धको खोप उपलव्ध गराउन नेपाल सरकारसँग समन्वय गरी प्रवन्ध गरिने छ। कोभिड अस्पतालहरूमा पर्याप्त अक्सिजनको व्यवस्था गरिने छ। कोरोना रोकथामका लागि अग्रपंक्तिमा रहेर काम गर्ने, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत अन्य राष्ट्र सेवक कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिने छ । कोभिडका कारण प्रभावित व्यवसायहरूलाई जीवन्तता दिन संचालित व्यावसायिक जीवन रक्षाकोष कार्यक्रममा निरन्तरता दिइने छ । साथै कोभिड-१९ का कारण साहारा गुमाएका परिवारलाई रोजगारी र बालबालिकाहरुको शिक्षा दिक्षाको आवश्यक व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।

भौतिक पूर्वाधार विकास र यातायात व्यवस्था

प्रदेश गौरव रणनीतिक महत्वका तथा वहुवर्षिय आयोजनालाई तोकिएकै समय सम्पन्न गर्ने गरी स्रोत व्यवस्था गरिने छ । स्थानीय तहको केन्द्र जोड्ने गरी अघि बढाइएका सडक र एक निर्वाचन क्षेत्र र एक सडक कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट प्रवन्ध गरिने छ । प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानी सेवा पुर्‍याउन संचालित आधारभूत खानेपानी र खानेपानी सबैको पहुँचमा पुऱ्याउन एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकको अभिवृद्धि गर्न प्रदेशका कृषियोग्य जमिनमा सिँचाई प्रणालीहरू विकास र विस्तार वर्षौभरि सिँचाई सुविधा पुग्ने गरी व्यवस्था मिलाउन बजेटमा प्राथमिकता दिइने छ । स्थानीय तहका प्रशासनिक भवन निर्माण, सामुदायिक भवन तथा वस्ती विकास कार्यक्रम संचालन गर्न सहयोग पुऱ्याइने छ । सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन जग्गा प्राप्ति लगायतका पूर्व तयारी पुरा भएका आयोजनाहरूमा मात्रै बजेट विनियोजन गरिनेछ । प्रदेश सरकारले आवश्यक ठानेका सबै नयाँ पहिचान गरेका आयोजना तथा कार्यक्रमहरूको संभाव्यता अध्ययन एवं विस्तृत प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरिनेछ । उज्यालो गण्डकी प्रदेश र काठे पुल विस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ । केन्द्रीय विद्युत प्रसारण लाईनमा आवद्ध हुन नसकेका स्थानमा सौर्य तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिइने छ । यातायात सेवालाई व्यवस्थित गर्न विद्युतीय प्रणालीमा आवद्ध गरिने छ । ट्राफिक प्रणालीलाई चुस्त गरिने छ । विद्युतीय सवारी साधनलाई जोड दिइनेछ । यस क्षेत्रका व्यवसायी र मजदुरहरूका निम्ति राहतका कार्यक्रमहरूको व्यवस्था गरिने छ ।

## स्वास्थ्य

कोभिड अस्पताल लगायत स्वास्थ्य क्षेत्रको सुदृढीकरणको लागि स्वास्थ्य पूर्वाधारहरूको विकास र विस्तार एवं पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष प्राथमिकता दिइनेछ छ । आवश्यक अक्सिजन प्लाण्टको स्थापना गरिने छ । वैकल्पिक

स्वास्थ्य सेवाको माध्यमबाट आम नागरिकहरूलाई सुविधा पुर्‌याउन आयुर्वेद, चिकित्सा र योगा लगायतका कार्यक्रमलाई विस्तार गरिने छ। प्रदेशकाको पहलमा स्थापना गरिएको सरुवा तथा संक्रामक रोग अस्पतालको समग्र गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी पूर्वाधार निर्माण क्षमता विकास र सेवा विस्तारमा जोड दिइनेछ। सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न एयर लिफ्टिङ लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## शिक्षा संस्कृति र पुरातत्व

दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप प्रविधि र अनुसन्धानमा आधारित बनाउन आवश्यक व्यवस्था गरिने छ। गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक प्रतिष्ठानको भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गरी क्रमशः अध्ययन अध्यापन सुरुवात गर्न पहल गरिने छ। प्रदेशको विभिन्न जाति, धार्मिक, सामाजिक भाषिक तथा सांस्कृतिक विविधतालाई संरक्षण संवर्द्धन गर्दै प्रदेश भित्र रहेका संग्रहालय, धार्मिक तथा पुरातात्विक महत्वका संरचनाको विकास, विस्तार र संरक्षण गरिनेछ। भाषा, साहित्य, कला र संस्कृतिलाई संरक्षण र विकास गर्न गठित प्रज्ञा प्रतिष्ठानलाई प्रभावकारी रूपमा अगाडि बढाइने छ।

## युवा तथा खेलकुद

खेलकुद पूर्वाधार निर्माणार्थ खेलाडीलाई प्रोत्साहित गर्दै खेलकुद क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिइने छ। अन्तर्राष्ट्रिय स्तरका खेलकुद पूर्वाधार निर्माणमा जोड दिइने छ। युवकको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवकको सहभागिता अभिवृद्धि गर्न युवाहरूलाई उद्द्मशील, स्वरोजगार र स्वावलम्वी बनाउन आवश्यक कार्यक्रम ल्याइने छ। खेलकुदको विकासका लागि गण्डकी प्रदेश खेलकुद

परिषद र जिल्ला खेलकुद विकास समितिलाई प्रभावकारी रूपमा संचालन गरिनेछ।

## श्रम तथा रोजगार र व्यवसाय

देश तथा विदेशमा कोभिड-१९ लगायतका कारणले रोजगारी गुमाएका तथा वेरोजगार नागरिकलाई रोजगारी प्रदान गर्न र स्वरोजगारी बनाउन उद्दमशीलता प्रवर्द्धन बीउ पूँजी, सहुलियतपूर्ण ऋण लगायतका कार्यक्रम संचालन गरिनेछ। श्रमको उचित मूल्यांकन र श्रमजीवि वर्गको हित र संरक्षण गर्दै श्रम तथा रोजगार प्रवर्द्धन गर्ने लगानी र कार्यक्रमलाई प्राथमिकता दिइने छ। उत्पादनमुखी रोजगारी र गरिबी निवारणका कार्यक्रमहरूलाई जोड दिइने छ। व्यवसाय मैत्री लगानीको वातावरणको तयार गरिने छ। हिंसा पीडित एवं व्यवारिसे महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धार संरक्षण एवं पुनर्स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिने छ। प्रदेशको स्रोत र साधनमा अपांगता भएका व्यक्तिहरूको पहुँच वृद्धि गरी सामाजिक, आर्थिक क्षेत्रलाई सृदृढ गर्दै सम्मानपूर्ण जीवन यापन गर्ने वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ। विभिन्नखाले लैंगिक, जातजाति तथा सामाजिक भेदभावलाई पूर्ण रूपमा उन्मुलन गर्न दलित, उत्पीडित तथा पिछडिएका र अल्पसंख्यक समुदायहरूको आर्थिक, सामाजिक उत्थानका कार्यक्रमहरूलाई जोड दिइने छ।

## कृषि, भूमि व्यवस्था तथा सहकारी

जलवायु मैत्रीय प्रविधिहरूको उपयोग गरी वैज्ञानिक खेती गर्ने प्राङ्गारिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने र उत्पादित कृषि उपजको बजारीकरण सुनिश्चित गरिने छ। मुख्यमन्त्री जलवायु मैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिइने छ। कृषि बजार पूर्वाधार विकास तथा मूल्य शृंखलामा आधरित उद्योग स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरिने छ। कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन र

उत्पादकत्व वृद्धि गर्न जग्गा चक्लावन्दी गर्ने कार्यक्रममा निरन्तरता दिइनेछ । चक्लावन्दी गरिएको जग्गामा यान्त्रिकीकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । घरमा पालिएका पशुमा पूर्ण खोपको उपलव्ध गराउने कार्यक्रमलाई अभियानको रूपमा संचालन गरिन्छ । सबै भेटनरी, अस्पताल तथा पशुविद् सेवाविज्ञ केन्द्रहरूबाट आधारभूत प्रयोगशाला तथा उपचार सेवा संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । पशु तथा कृषि स्रोत केन्द्रहरूको सुदृढीकरण गरी मुख्य मुख्य फलफूल बालीको नर्सरी बेर्ना उत्पादन मुख्य तरकारी र खाद्यान्न बालीको स्रोत, बीउ उत्पादन तथा व्यवसायिक कीट उत्पादन कार्यलाई दिइनेछ । बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि तथा पशुपंक्षी बिमा प्रिमियममा सहुलियत उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि उपजको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ । सुन्तला, कागती, स्याउ, अदुवा, वेसार, आलु लोकल कुखुरा, गाई, भैंसी, भेडा, बाखा, च्याङ्ग्रा आदिको पकेट क्षेत्रको घोषणा गरी संरक्षण र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । विभिन्न नश्ल सुधार विकास र नयाँ प्रजातिको अनुसन्धान कार्यक्रमलाई पनि निरन्तरता दिइनेछ । सहकारी क्षेत्रको क्षमता अभिवृद्धि, नियमन तथा व्यवस्थापन प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

### उद्योग, पर्यटन, वन तथा वातावरण

पर्यटन क्षेत्रको समग्र विकासको गुरु योजना निर्माण गरी पर्यटन पूर्वाधार तथा प्रवर्द्धन कार्यक्रमहरू संचालन गरिने छ । नयाँ पर्यटन गन्तव्य र क्षेत्र पहिचान गरी पूर्वाधार विकासमा जोड दिइनेछ । पर्यटन क्षेत्रमा काम गर्ने श्रमिकहरूको निम्ति विशेष कार्यक्रमहरू ल्याइनेछ । उद्योग तथा वाणिज्य क्षेत्रको प्रवर्द्धन गरी उद्यम र सीपमा आधारित वस्तु एवं सेवालाई जोड दिँदै रोजगारी र आम्दानी वृद्धि गरी प्रदेशको

आर्थिक समृद्धिमा टेवा पुर्‍याइने छ । प्रदेशमा लगानी गर्ने उद्योग व्यवसायीहरूलाई विशेष सहुलियतका कार्यक्रमहरू ल्याइने छ । लगानी मैत्री वातावरण तयार गरिने छ । प्रदेश गौरवका आयोजनाको रूपमा रहेको  कास्कीको पूणीटार, नवलपुरको लोकाहा खोलामा औद्योगिक क्षेत्र स्थापना गर्ने योजना कार्यान्वयनलाई निरन्तरता दिइने छ । सामूदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थाापन प्रणालीको सुदृढीकरण गर्दै स्थानीय समुदायलाई वन पैदावारको सहज आपूर्ति गर्ने व्यवस्था मिलाइने छ । संरक्षण क्षेत्र र संरक्षित क्षेत्रका पूर्वाधार विकासका कार्यक्रमहरूलाई जोड दिइने छ । एकीकृत भू तथा जलाधार संरक्षण, पहिरो नियन्त्रण, भू-क्षय न्यूनीकरण तथा  जलवायु अनुकुलनका विभिन्न कार्यक्रमहरू संचालनमा निरन्तरता दिइने छ ।

## विज्ञान तथा प्रविधि

विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाज निर्माणमा टेवा पुर्‍याउन विज्ञान तथा प्रविधि क्षोत्रको क्षमता अभिवृद्धिमा जोड दिइने छ । सूचना प्रविधि पार्क र सञ्चार ग्राम स्थापना गरी सञ्चार तथा सूचना प्रविधिको विकासमा जोड दिइनेछ । गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।

## शान्ति सरक्षा र विपद् व्यवस्थापन

शान्ति सुरक्षाका लागि आवश्यक पूर्वाधारको विकासमा जोड दिँदै प्रदेशको सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिने छ । विपद् व्यवस्थापनमा स्रोत, साधनको सुनिश्चितता र समुचित परिचालन गरी विपद् जोखिम न्यूनीकरण तथा विपद्को अवस्थामा तत्काल खोज, उद्दार, राहत र पुर्नस्थापनाका लागि विशेष व्यवस्था मिलाइने  छ ।

## सुशासन र शासकीय सुधार

प्रदेश सरकारले प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमैत्री बनाई छिटो, छरितो र गणस्तरयुक्त बनाइने छ। साथै प्रदेशमा कार्यरत कर्मचारीको मनोवल उच्च बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेश सरकारबाट प्रदान हुने सबै प्रकारका सेवालाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। प्रदेश लोकसेवा आयोगको क्षमता विस्तार गरी प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति पदपूर्तिको व्यवस्था मिलाइनेछ। प्रदेश स्तरका जनशक्तिको क्षमता विकासका निम्ति गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकास र संस्थागत क्षमता विकासमा जोड दिइनेछ।

अन्तरसरकार समन्वय र साझेदारी

स्थानीय तहमा आवश्यक पूर्वाधार विकास र निर्माणमा साझेदारी गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक स्रोतको प्रवन्ध मिलाईने छ। संघ प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरूमा दोहोरो नपर्ने र एक अर्काको परिपूरक हुने गरी समन्वयतात्मक तवरले कार्यान्वयनका बजेट विनियोजन गरिनेछ। नेपाल सरकारसँग सहकार्य र सह-लगानीमा प्रदेश सरकारको प्रशासनीय भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

मनानीय सभामुख महोदय,

प्रदेश गौरव, रणनीतिक महत्व र निर्माणाधीन वहुवर्षिय आयोजना तथा कार्यक्रम कार्यान्वयलाई विशेष प्राथमिकता दिई स्रोत सुनिश्चित गरिने छ। प्राविधिक, नीतिगत वा आर्थिक अभावका कारणले स्थगित तथा प्रदेशका अधुरा कार्यक्रमहरूलाई सम्पन्न गर्न जोड दिइने छ। गण्डकी प्रदेश सरकार गठन भएको विगत ३ वर्षको अवधिमा प्रदेश सरकार संचालनको महत्वपूर्ण नीतिगत कानुनी तथा संरचनागत प्रणाली संस्थागत भएका छन्। विगतमा संचालनमा आएका आयोजना तथा कार्यक्रमहरूले जनतामा अनुभूत गर्ने गरी प्रतिफल दिन थालेका छन्। प्रदेश सरकारबाट सम्पादन भएका सेवा प्रवाह तथा विकास निर्माणका कामले प्रदेश

सरकारको महत्व र औचित्य प्रमाणित भएको छ । सरकारका कामकारवाहीबाट जनतामा आशाका किरण पलाउँदै गर्दा हामी कोरोना महामारीको अकल्पनीय चपेटामा परेका छौं । यो महामारीको प्रभावबाट मुक्त भई छिटै अर्थतन्त्रलाई चलायमान बनाउन सक्नेछौँ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा,

यस सम्मानित सभा समक्ष प्रस्तुत विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता माथि सार्थक छलफल भई माननीय सदस्यज्यूहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु । माननीय सदस्यहरूबाट प्राप्त हुने सबै सुझावहरूलाई मार्ग दर्शनको रूपमा दिँदै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरू,

अब यो वैठक २०७८ साल जेठ १८ गते मंगलवार दिनको एक बजे सम्मको लागि स्थगित हुन्छ ।